प्रदेश सरकार

# खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

कोशी प्रदेश, बिराटनगर, मोरङ


## घर भाडामा लिने सम्वन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०३/२५**

यस मन्त्रालयका कर्मचारीहरुको आवास प्रयोजनको लागि तपशील बमोजिमको सर्तको अधिनमा रही घर भाडामा लिनुपर्ने भएको हुँदा इच्छुक घरधनीले यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नागरिकताको प्रतिलिपी, जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि, घर नक्साको प्रतिलिपि, घर नक्सा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि, कर दाखिलाको रसीदको प्रतिलिपी समेत संलग्न राखी आफुले भाडामा दिन चाहेको घरजग्गा कति भाडादरमा दिन सकिने हो, घरबहाल करसहित मासिक रकम अङ्क र अक्षरमा उल्लेख गरी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः

१. बिराटनगर महानगरपालिकाभित्र कोशी राजमार्गको बढीमा ५०० मिटरभित्र भएको घर वा फ्लाट हुनुपर्नेछ।

२. घर वा फ्लाटमा कम्तिमा २ वटा वाथरुम र २ वटा भान्सा कोठा सहित ८ वटा कोठा भएको हुनुपर्नेछ।

३. कम्तिमा चार चक्के सवारीसाधन पार्किङ सुविधा भएको ठाउँ हुनुपर्नेछ।

४. जग्गाको चारैतिर कम्पाउण्डवाल र गेट भएको हुनुपर्नेछ।

५. घरसम्म पुग्ने ग्रावेल वा पक्की मोटरेबल बाटो भएको हुनुपर्नेछ ।

६. विद्युत र खानेपानीको निरन्तर उपलब्ध हुने व्यवस्था भएको हुनुपर्नेछ ।

७. घरभाडा निर्धारणको अन्तिम निर्णय मन्त्रालयले गर्नेछ ।

८. घरभाडा भुक्तानीका समयमा मन्त्रालयबाट नियमानुसार करकट्टी गरी भुक्तानी गरिनेछ ।

९. घरभाडा सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१०. थप जानकारीको लागि कार्यालय समयभित्र यस मन्त्रालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

इश्वर थापा
शाखा अधिकृत


फोन नं. ०२१५९०७९१ ०२१५९०७९२

Email;-mowsiep1@gmail.com